# मुगुम कार्मारोङ गाउँपालिकाको नक्सा



# गाउँ कार्यपालिकाका पदाधिकारीहरु



**छिरिङ पुटी लामा**
**गा.पा. उपाध्यक्ष**



**छिरिङ क्याप्ने लामा**
**गा.पा. अध्यक्ष**

| क्र.सं. | नाम, थर | पद | ठेगाना | मोबाईल नं. |
|---|---|---|---|---|
| १. | छिरिङ क्याप्ने लामा | गा.पा. अध्यक्ष | वडा नं. ७ | ९८५१०१९१६० |
| २. | छिरिङ पुटी लामा | गा.पा. उपाध्यक्ष | वडा नं. ४ | ९८४९८९३०८० |
| ३. | कार्मा तुण्डुप लामा | वडाअध्यक्ष | वडा नं. १ | ९८६८३८०६५४ |
| ४. | च्यावा लामा | वडाअध्यक्ष | वडा नं. २ | ९८४१२८४८६५ |
| ५. | पासाङ लामा | वडाअध्यक्ष | वडा नं. ३ | ९८६९५९१५७० |
| ६. | पेमा छोईदाक लामा | वडाअध्यक्ष | वडा नं. ४ | ९८६८३७७३४४ |
| ७. | दावा साङ्बो तामाङ | वडाअध्यक्ष | वडा नं. ५ | ९८६८३७७२४३ |
| ८. | ग्याल्जेन तामाङ | वडाअध्यक्ष | वडा नं. ६ | ९८६८३७७२७१ |
| ९. | शसांक लामा | वडाअध्यक्ष | वडा नं. ७ | ९८४११६४०७० |
| १०. | पेमा टोन्डुल लामा | वडाअध्यक्ष | वडा नं. ८ | ९८६४३४८७०७ |
| ११. | रतन बहादुर बुढा | वडाअध्यक्ष | वडा नं. ९ | ९८६४८१२५०६ |
| १२. | सिंह कामी | कार्यपालिका सदस्य | वडा नं. ९ | ९८६४३४८६८७ |
| १३. | धावा कामी | कार्यपालिका सदस्य | वडा नं. ८ | ९८६४३४६०४५ |
| १४. | कार्साङ योन्जोम तामाङ | कार्यपालिका सदस्य | वडा नं. ४ | |
| १५. | कार्मा लाजोम गुरुङ | कार्यपालिका सदस्य | वडा नं. ३ | |
| १६. | खाँडो पुटिक लामा | कार्यपालिका सदस्य | वडा नं. १ | ९८५८०३७६६३ |
| १७. | ठिल्ले आङमु तामाङ | कार्यपालिका सदस्य | वडा नं. ५ | |

मुगुम कार्मारोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पुलु, मुगु

कर्णाली प्रदेश, नेपाल

**प.स.** ०७९/०८०

**मिति :** २०७९/४/२०

**च.नं.**



## दुई शब्द

मुगुम कार्मारोङ गाउँपालिकाको मिति २०७९ असार १२ गते सम्पन्न दशौं गाउँसभावाट आर्थिक वर्ष ०७९।०८० का लागि मुगुमगाउँपालिकाको वार्षिक निती तथा कार्यक्रम र वजेट स्वीकृतभई  कार्यान्वयनको चरणमा रहेको छ। दशौं गाउँसभावाट स्वीकृत निती तथा कार्यक्रम, आर्थिक ऐन, विनियोजन ऐन तथा गाउँसभाले चालु आ.व २०७९/०८० को लागि गरेका केही महत्वपूर्ण निर्णयहरु मार्फत गाउँपालिकाको  भौंतिक, आर्थिक, सामाजीक लगायत सुशासन तथा सेवा प्रवाह र प्रशासनिक सेवाको सुदृढीकरणको लागि महत्वपूर्ण योजना तथा कार्यक्रमहरु अघि सारेको छ। दशौं गाउँ सभाले स्वीकृत गरेका योजना, कार्यक्रम तथा निर्णयहरुको प्रभावकारी रुपमा कार्यान्वयन हामि जनप्रतिनिधिहरुको प्रभाकारी संलग्नता तथा सहयोग अनि चुस्त दुरुस्त र पारदर्शी प्रशासनिक सँयन्त्रबाट मात्र सम्भव रहेको कुरा हामी सबैलाई अवगत नै छ। त्यसैले स्वीकृत बजेट नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन र लक्षित उपलब्धि हाँसिल गर्न सम्बन्धित सबै सरोकारवाला व्यक्ती तथा निकायहरु लाई आवश्यक सहयोग गरिदिन हुन पनि अनुरोध गर्दछु।

कोरोना महामारी र स्थापनाकालिन केहि कानुनि तथा संरचनागत अप्ठ्यारा हरुका विचमा पनि विगत ५ वर्षमा सम्पूर्ण जनप्रतिनिधि साथिहरु र कर्मचारी मित्रहरु विचको समन्वय र सहकार्यले गाउँपालिका मा केहि महत्वपूर्ण कामहरु भएर धेरै कुरा सिक्ने मौका पनि प्राप्त भयो। विगतको अनुभव बाट सिक्दै हाम्रो विकासको दिर्घकालिन लक्ष हाँसिल गर्न यो बजेट नीति तथा कार्यक्रम यक महत्वपूर्ण कोशेढुंगा सावित हुनेमा म विश्वस्त छु। अन्त्यमा वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्दा आफ्नो महत्वपूर्ण जिम्मेवारी सम्हाल्ने  सम्पुर्ण जनप्रतिनिधी साथिहरु, सल्लाह र सुझाव दिने विभिन्न राजनैतिक दलका प्रतिनिधीहरु तथा सबै राष्ट्रसेवक कर्मचारी साथिहरु प्रति हार्दिक आभार प्रकट गर्दै गाउँपालिकाको समृद्धिको यात्रामा यहाँहरुको सबैको रचनात्मक सुझाव र निरन्तरसहयोगको अपेक्षा गर्दछु। धन्यवाद!

छिरिङ् क्याप्ने लामा
गाउँपालिका अध्यक्ष

**मुगुम कार्मारोङ गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**पुलु, मुगु**

**कर्णाली प्रदेश, नेपाल**

**प.स.** ०७९/०८० **मिति : २०७९/४/२०**

**च.नं.**



## दुई शब्द

मुगुम कार्मारोङ गाउँपालिकाको दशौँ गाउँसभावाट आर्थिक वर्ष ०७९।०८० का लागि मुगुम कार्मारोङ गाउँपालिकाको वार्षिक निती तथा कार्यक्रम र वजेट स्वीकृत गरी कार्यान्वयनको चरणमा रहेको छ । दशौँ गाउँसभावाट स्वीकृत निती तथा कार्यक्रम, आर्थिक ऐन, विनियोजन ऐन तथा गाउँसभाद्वारा गरिएका महत्वपुर्ण निर्णहरुले गाउँपालिका भित्रको भौतिक, आर्थिक, सामाजीक लगायत सुशासन तथा सेवा प्रवाह र प्रशासनिक विकासका गतिविधीमा जोड दिएको छ । गाउँ सभावाट पारित कार्यक्रम तथा निर्णयहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि चुस्त दुरुस्त र पारदर्शी प्रशासनिक सँयन्त्र हुनु पर्छ भन्ने कुरामा म विश्वस्त छु। समग्र योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा अपेक्षित उपलव्धि हाँसिल गर्ने तथा सेवा प्रवाहलाई अझ उपलव्धिमुलक वनाउने कार्यमा सरोकारवाला व्यक्ती तथा निकायहरुवाट आवश्यक सहयोगको अपेक्षा समेत गरेको छु।

कठिन भौगोलिक अवस्था र ठुलो भुगोलमा सिमित जनशक्तीले सेवा प्रवाह गर्नु पर्ने वाध्यात्मक स्थितीमा गाउँवस्ती तथा फिल्ड स्तरमा प्रवाह हुने सेवाको सहज प्रवाह चुनौतीपुर्ण छ तथापी जनशक्ती परिचालन र कार्यविवरण सहितको योजना निर्माण गरी यसका कार्यलाई पनि सके सम्म सहज वनाईने कुरामा विश्वस्त हुन समेत आग्रह गर्न चाहान्छु । अन्त्यमा वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा लगायतका कार्यहरुमा सहयोग गर्नु हुने सम्पुर्ण जनप्रतिनिधी ज्युहरु, विभिन्न राजनैतिक दलका प्रतिनिधी तथा राष्ट्रसेवक कर्मचारी सहपाठीहरु प्रति हार्दिक आभार प्रकट गर्दै जनमुखी सेवा प्रवाह र गाउँपालिकाको समृद्धिको यात्रामा यहाँहरुको रचनात्मक सुझाव र निरन्तर हातेमालोको अपेक्षा गर्दछु। धन्यवाद।

**शुवास चन्द्र रावल**

**प्रमुख प्रशासकीय अधिकृत**